लोक सेवा आयोग

नेपाल शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, काउन्टर सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रमको रुपरेखा :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार एक चरणमा परीक्षा लिइने छ :

| | |
|---|---|
| लिखित परीक्षा | पूर्णाङ्क :– १०० |
| अन्तर्वार्ता | पूर्णाङ्क :– २० |

प्रथम चरण – लिखित परीक्षा योजना (Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या xअङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | १०० | ४० | वस्तुगत बहुउत्तर (Multiple Choice) | ५०x२ = १०० | ४५ मिनेट |

द्वितीय चरण

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| व्यक्तिगत अन्तर्वार्ता | २० | मौखिक |

१. लिखित परीक्षाको माध्यम भाषा अंग्रेजी वा नेपाली अथवा अंग्रेजी र नेपाली दुवै हुन सक्नेछ ।

२. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अर्थात् ०.४ अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

३. यस पाठयक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ (तीन) महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्दछ ।

४. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

५. पाठ्यक्रम लागू मिति :– २०६२/ ९ / १४ देखि

## लोक सेवा आयोग
## नेपाल शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, काउन्टर सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

१. सामान्यज्ञान

- १.१ नेपालको भौगोलिक, ऐतिहासिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अवस्था सम्बन्धी साधारण जानकारी
- १.२ सार्क मुलुक सम्बन्धी सामान्य जानकारी
- १.३ नेपालको चालू पञ्चवर्षीय योजनाको सामान्य जानकारी
- १.४ वातावरण प्रदूषण, शहरीकरण, जनसंख्या वृद्धिका कारण र निवारण
- १.५ नेपालको समसामयिक गतिविधि
- १.६ नेपालको अन्तरिम संविधान, २०६३ को सामान्य जानकारी
- १.७ निजामती सेवा ऐन र नियमावली सम्बन्धी सामान्य जानकारी
- १.८ कार्यालय कार्यविधि सम्बन्धी जानकारी

२. पुस्तकालय विज्ञान

- २.१ नेपालका पुस्तकालयहरु, पुस्तकालयको महत्व र आवश्यकता सम्बन्धी सामान्य जानकारी
- २.२ पुस्तकालयमा प्राप्त पुस्तकहरु, पत्र-पत्रिकाहरुको दर्ता सम्बन्धी ज्ञान
- २.३ पुस्तक लेनदेन गर्ने विधिहरु
- २.४ पाठकहरुको सामानहरु सुरक्षित गर्ने तरिका सम्बन्धी जानकारी
- २.५ पुस्तकालयको सामग्रीहरु सुरक्षित गर्ने तरिका सम्बन्धी जानकारी
- २.६ दराजमा पुस्तक राख्ने तरिका सम्बन्धी ज्ञान
- २.७ सन्दर्भ सेवा सम्बन्धी सामान्य जानकारी
- २.८ रेफरल सेवा सम्बन्धी सामान्य जानकारी
- २.९ जनसम्पर्क

## वस्तुगत बहुउत्तर नमूना प्रश्नहरु **(Sample questions)**

१. लाइब्रेरी पर्व कुन प्रधानमन्त्रीको समयमा भएको थियो ?

(क) चन्द्र समशेर (ख) भीम समशेर

(ग) वीर समशेर (घ) मोहन समशेर

**सही उतर :- (ख)**

२. नेपालको सबभन्दा ठूलो पुस्तकालय कुन हो ?

(क) नेपाल राष्ट्रिय पुस्तकालय (ख) केशर पुस्तकालय

(ग) त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय (घ) मदन पुरस्कार पुस्तकालय

**सही उतर :- (ग)**

३. स्कूल पुस्तकालय कुन किसिमको पुस्तकालय हो ?

(क) सार्वजनिक पुस्तकालय (ख) शैक्षिक पुस्तकालय

(ग) विशेष पुस्तकालय (घ) राष्ट्रिय पुस्तकालय

**सही उतर :- (ख)**

४. अंग्रेजीमा पुस्तक दर्ता गर्ने रजिष्टरलाई के भनिन्छ ?

(क) एक्सेसन रजिष्टर (Accession Register)

(ख) बूक्स रजिष्टर (Books Register)

(ग) क्याटलग रजिष्टर (Catalogue Register)

(घ) पिरियोडिकल रजिष्टर (Periodical Register)

**सही उतर :- (क)**

५. केशर पुस्तकालय कुन मन्त्रालय अन्तर्गत पर्छ ?

(क) सूचना तथा संचार मन्त्रालय

(ख) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय

(ग) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(घ) शिक्षा तथा खेलकुद मन्त्रालय

**सही उतर :- (घ)**